आज मिति २०८३।०२।२१ गते (ने.स.११४६ अनालागा चतुर्थी) बिहिवार दिन विहानको १०:०० वजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को सोहौं बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| सुशिल गर्बुजा | सूचना प्रविधि अधिकृत | |
| लक्ष्मी कार्की के.जी | कि.जी | |
| | | |
| | | |
| | | |

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा चालु आ.व. मा विविध कारणले कार्यान्वयन हुन नसकेका देहाय बमोजिमका योजनाहरु आगामी आ.व. २०८३/०८४ को बजेटमा समेत समावेश गर्ने निर्णय गरियो ।

(क) वडा नं. २

१. वराह थान सन्तल ब्यवस्थापन — १० लाख
२. ठुलो बगर मोटरबाटो मर्मत — ५ लाख
३. भुरुङ खोलामा ट्रस पुल निर्माण — ६ लाख

(ख) वडा नं. ३

१. रुप्से संगम क्लब भवन निर्माण — १६ लाख
२. लरेनी खोला नियन्त्रण — ५ लाख

(ग) वडा नं. ४

१. सामुदायिक भवन निर्माण — ४३ लाख
२. नारच्याङ झरना व्यवस्थापन — २० लाख

(घ) वडा नं. ७

१. खिबाङ-घराम्दी सडक निर्माण — ४० लाख

निर्णय नं २

प्रस्ताव नं २ विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

(क) घान्द्रुक पर्यटन महोत्सब-२०८२ मा यस अन्नपूर्ण गाउँपालिकाबाट प्रथम राष्ट्रव्यापी अन्तरपालिका पुरुष खुल्ला बास्केटबल प्रतियोगितामा सहभागी हुँदा भएको खर्च रकम रु १,१०,६५० /- मध्येवाट सम्बन्धित शिर्षकबाट रु. १,००,००० /- भुक्तानी दिने निर्णय गरियो ।

(ख) अन्नपूर्ण गाउँपालिकाको कार्यपालिका सदस्य एवं शाखा प्रमुखहरुवाट मिति २०८२/१२/२२ गतेदेखि २८ गतेसम्म भएको 'अन्य पालिकाले गरेका असल अभ्यास अध्ययन अवलोकन' मा भएको खर्च रकम रु ८,०३,५००/- (अक्षरुपि रु. आठ लाख तीन हजार पाँच सय) अनुमोदन गर्ने निर्णय गरियो ।

(ग) कालीगण्डकी कोरिडोर अन्तर्गत अन्नपूर्ण गाउँपालिका क्षेत्र भित्रका सडकखण्डमा विभिन्न ठाउँमा आवश्यक पुर्वाधार एवं मर्मत सम्भार गर्नको लागि कालीगण्डकी कोरिडोर (बेनी-जोमसोम-कोरला सडक योजना) लाई पत्राचार गर्ने निर्णय गरियो ।

(घ) अन्नपूर्ण गाउँपालिकामा भएको एम्बुलेन्स चालु अवस्थामा नरहेको साथै मर्मत सम्भार गर्न अत्याधिक खर्च लाग्ने अएको हुदाँ चालु आ.व. को एम्बुलेन्स खरिद शीर्षकबाट व्ययभार हुने गरी खरिद प्रकृया अघि बढाउने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

(झ) गाउँपालिका भित्र विपदजन्य जोखिम रहेका विभिन्न ठाँउहरुमा सूचना मुलक पार्टी (वोर्ड) राख्ने पर्योजनार्थ ८ वटा बोर्ड बनाई आवश्यक स्थानमा राख्ने निर्णय गरियो ।

(च) ठेक्का नं. 10/NCB/W/ARM/MYAGDI/2082-83 '७ नं वडा कार्यालय भवन निर्माण' को कार्यसम्पन्न विविध कारण वश सम्पन्न नभएको र सम्बन्धित फर्म/कम्पनीको म्याद थपको निवेदन अनुसार उक्त ठेक्काको म्याद मिति २०८३/०९/३० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

(छ) ठेक्का नं. 8/NCB/W/ARM/MYAGDI/2082-83 'महभिर राम्चे नाँगी मोटरवाटो स्तरिकरण' को कार्यसम्पन्न विविध कारण वश सम्पन्न नभएको र सम्बन्धित फर्म/कम्पनीको म्याद थपको निवेदन अनुसार उक्त ठेक्काको म्याद मिति २०८३/०९/३० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

(ज) अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८२/०३ मा विनियोजित वजेट ५ शैया अस्पताल / स्वास्थ्य चौकी (दोबा र हिस्तान औल) को लागि सामाग्री खरिद शिर्षकबाट स्वास्थ्य संचालनका लागि आवश्यक सामाग्री खरिद गर्ने निर्णय गरियो ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष